# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, भदौ १५ गते २०५८ साल (अतिरिक्ताङ्क ३०

## भाग ३

### श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

खण्ड ५१, अतिरिक्ताङ्क २९, २०५८ साल भदौ १२ गतेको नेपाल राजपत्र, भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार जग्गा जमीनको बेचबिखन, नामसारी वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्न रोक लगाइएकोमा सो कार्यबाट सर्वसाधारणमा पर्न गएको असुविधालाई दृष्टिगत गरी यो सूचना जारी भएपछि जग्गा जमीनको बेचबिखन, नामसारी वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्दा संसद सचिवालयमा दर्ता भएको भूमिसम्बन्धी (पाँचौं संशोधन) विधेयक, २०५८ ऐनको रुपमा जारी भएपछि सो ऐनद्वारा निर्धारित हदबन्दी भित्र उक्त हक हस्तान्तरण भएबमोजिमको जग्गालाई समेत समावेश गरी प्रचलित कानून बमोजिम कारवाही हुन मञ्जूरी छ भन्ने समेत व्यहोराको सम्बन्धित पक्षलाई कबुलियत गराई नेपाल अधिराज्यभर आजैका मितिदेखि जग्गा जमीनको बेचबिखन, नामसारी वा अन्य कुनै प्रकारले हक हस्तान्तरण गर्ने कार्य फुकुवा गर्ने श्री ५ को सरकारले निर्णय गरेकोले भूमि सम्बन्धी ऐन, २०२१ को दफा ६२ को उपदफा (१) बमोजिम सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै नेपाल राजपत्र, भाग ३ मा प्रकाशित उल्लिखित सूचना खारेज गरिएको छ ।

आज्ञाले,

केशवराज राजभण्डारी

श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।